# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/१२

तेस्रो अधिवेसन

(१५औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

तेस्रो अधिवेशनको १५औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब शुन्य समय शुरु हुन्छ ।

**३. माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि शुन्य समय माग भई आएकोले उक्त सयम निर्धारर्ण गरेको छु । शुन्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय अर्चना गहतराजलाई समय दिन्छु ।

## माननीय अर्चना महतराज

सभामुख महोदय, सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्किदै छ त्यस तर्फ सरकारको ध्यान जान आवश्यक छ । दुरसराजमा रहेका शिक्षाबाट वन्चित वालबालिकालाई गुणस्तर शिक्षा प्रदान गराउन सरकारको ध्यान जान आवश्यक छ । संस्थागतहरुको शुल्क वृद्धीका लागि नियन्त्रण गर्न सरकारको ध्यान जान आवश्यक छ । निश्चित छात्रवृद्धिको व्यवस्था संघसंस्था विद्यालयहरुले व्यवस्था गर्नु पर्ने । सामुदायिक विद्यालयहरुलाई सुविधा सम्पन्न बनाउन अनुगमन नियमित गर्नुपर्ने छ । प्रदेशभित्रका स्वास्थ्य सम्बन्ध भन्नुपर्दा प्रदेश भित्रका जिल्ला हस्पिटल अंचल हस्पिटलमा विशेपज्ञ डाक्टर तथा अन्य स्वास्थ्यकर्मीको पदपूर्तिमा सरकारको विशेष ध्यान जानुपर्नेछ । अस्पताल स्वास्थ्यकर्मी तथा औषधीको अभाव हुनु नदिनतर्फ सरकारको विशेष कार्यक्रम ल्याउनुपर्नेछ । स्वास्थ्यसँग सम्बन्धित जनचेतनामुलक कार्यक्रमहरु समाधान गर्नुपर्ने देखिन्छ । त्यसतर्फ पनि सरकारको ध्यान जान आवश्यक छ । सरकारी हस्पिटलमा विरामीहरुलाई आवश्यक चाहिने औषधी छैन पानी छैन त्यस तर्फपनि सरकारको ध्यान जान आवश्यक छ । राजस्व संकलनमा भन्नुपर्दा प्रत्येक जिल्लाहरुमा आन्तरिक राजस्व कार्यालय कर कार्यालय खोल्न सरकारले पहल गर्नुपर्ने छ । २००० कर तिर्ने जनताहरु ४००० खर्च गरी आउनुपर्ने जनताको वाध्यतालाई सरकारले कहिले बुझ्ने हो । कर राजस्व संकलनमा बनाइ संकलित कर तिर्ने तिनै तहलाई बाँडफाँड गर्ने गरी नीति बनाउन तर्फ

सरकारको पहल लिनुपर्ने । आवश्यक कर वृद्धिलाई रोक्नु पर्छ । सरकारको सही सदुपयोग पनि हुनुपर्ने । छुवाछुतको बारेमा भन्नुपर्दा आज २१औं सताब्दीमा पनि छुवाछुत अन्त्य भएको जस्तो लाग्दैन । जो काम बनेको छ कागजमा मात्रै सिमित छ । सम्भन्दा बढी छुवाछुत देखिएको एउटा मन्दिर प्रवेश गर्न र पुजापाठ गर्नमा धेरै देखिएको छ । मन्दिर पस्नु ठुलो कुरा होइन । त्यसैले सबैले स्वतन्त्र व्यवहार हुनुपर्यो । स्वतन्त्रताले बाँच्न पाउनु पर्यो भन्ने माग हो । तेतातिर पनि सरकारको अतिभन्दा अति कानून भएता पनि कार्यान्वयन भएको छैन त्यस तर्फ सरकारको ध्यान जान आवश्यक छ ।

**माननीय कुन्ती जोशी**

माननीय सभामुख महोदय, हामी तेश्रो अधिवेशनको १५औ वैठकमा छौं । मलाई लाग्छ हामीले विभिन्न कोषहरु आकस्मिक कोषका निमित्त कोष पनि हामीले खडा गर्यौ । प्रदेश सरकारले आकस्मिक कोष खडा गरेको छ । मैले नबुझेको कुरा त्यो आकस्मिक कोष केका लागि हो । त्यो सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । विभिन्न ठाउमा सुदुरपश्चिम प्रदेशमा अहिलेसम्म बाढीपहिरो देखि लिएर हावाहुरी देखी लिएर आगजनी देखी लिएर धेरै घटना परिघटना भएका कुराहरु सर्वविदितै छ त्यसैले यो आकस्मिक कोष पनि कोष त खडा भयो र यसको परिचालन सम्बन्धित ठाउमा दुर्घटना घटनाहरुलाई कहिले सम्वोधन हुने हो । यसको विशेष माग गर्न चाहान्छु र मलाई लाग्दछ मन्त्रालय मार्फत कार्यक्रमहरु हामीले गरिराखेका छौं । धेरै भन्दा धेरै जनतालाई सेवा दिनको निमित्त हामी अग्रसर भएका छौं र त्यो सिलसिलामा हामीले बजेट पनि पास गरेका थियौं । त्यो बजेट पनि कार्यान्वयनमा ढिला भइराखेको छ । त्यसलाई पनि अलिकति मध्यनजर गरे राम्रै हुनेथियो भन्ने कुराहरु ध्यानाकर्षण गराउन चाहान्छु र मलाई लाग्छ अस्तिकै दिनमा पनि एउटा विधेयक पास भयो । यसमा एउटा शब्द त्रुटी भएको थियो हामीले सच्यायौं र मलाई दुख लागेको कुरा के हो भने त्रुटिहरु सच्याउनु त ठिकै हो तर हामीले सच्यायौं संस्था भन्ने शब्द तथा सच्यायौं मन्त्रालय मार्फत अहिले संस्थालाई नै मतलब Coordination गरेर संस्था मार्फत नै कार्यक्रम हरु जाँदै छन् । त्यसमा धेरै दुख लागेको छ । जलन्त उदाहरण द्धारिका देवी ठकुरानी कार्यक्रम देखी लिएर हामीले सहभागी मार्फत पनि हामीले कार्यक्रम गरेका थियौं । ति कार्यक्रम मार्फत नै जाँदा खेरी अलिकति दुख लागेको छ । यो पनि विषय के हो हामीहरुले नबुझी मैले नबुझेको हुँ या यो साँच्चिकै यस्तो नै हो । यो जवाफ पनि मैले माग्न चाहान्छु र विशेष गरी मैले के भन्न चाहान्छु भने हिजो अस्ती पनि हामीले आफ्नो कार्यफिल्डमा गएका थियौं । त्याहाँ बुझ्दा खेरी हामीले जनताहरुसँग नमस्कार भनेर नमस्कार गर्दा खेरी वाहाहरु उत्तर के हुन्छ भने बजेट कार्यान्वयन कहिले हुन्छ हामीलाई दुख लागेको छ बजेट योजनाहरु त आएका छन् र यी योजनाहरु कहिले कार्यान्वयन हुन्छन् कहिले अख्तियारी आउछ । धेरै बजेटहरुको सिज हुने सम्भावना छ त्यसैले गर्दा खेरी यो अलिकति गहन विषय छ । तपाईहरुको पहिच नपुगेको हो या सरकारको लापरवाही हो या यो अलिकति पहिलो वर्ष नै भएको कारणले अस्पष्टता भएको हो भन्ने

जवाफ हाम्रो जनसमुदायबाट आउछ त्यसैले हामी पनि अलिकति कृयाशिल त छदै छौं र पनि काहाँबाट यो Coordination मिल्न सकेको छैन । यसलाई अलिकति सरकारले Coordination मिलाएर तुरुन्तै समयमै बजेटलाई कार्यान्वयन गराउनुको निमित्त अख्तियारी नगएका लागि पनि अख्तियारी अगाडी बढाइ दिनु हुन म विशेष ध्यानाकर्षण गर्न चाहान्छु । यति भन्न चाहान्छु धन्यवाद ।

**माननीय माया तामाङ बोहरा**

माननीय सभामुख महोदय, बझाङ्ग जिल्लाको सुर्मा गाउपालिका ५ सन्गाउ निवास वम बहादुर विकको छोरा कक्षा ९ मा अध्ययनरत वर्ष १७ को आनन्द बहादुर विकलाई यही मिति २०७५ चैत्र १० गतेका दिन कुटपिट गरी हत्या गरेको अवस्था छ । यस घटनामा संलग्न अपराधीहरुलाई अविलम्ब कानूनी दायरामा ल्याइ कडा भन्दा कडा सजाय होस भन्दै म माग राख्न चाहान्छु । यस दुखद घडीमा पीडित परिवारजनमा संवेदना भन्न चाहान्छु । १ महिना नपुग्दै अस्ती मात्र पनि यस्तै दुखत घटना घटेको थियो । सुर्भा गाउपालिका १ मा बस्ने दर्पण वोहराले सो वडामा बस्ने हर्क वोहरालाई चैनपुर बजारमा ढूंगा प्रहार गरी हत्या गरेको र प्रहरीबाट पक्राउ परी अपराध स्वीकार गरी सकेको अवस्था छ । बारम्बार यस्ता घटना घटीरहनुले बझाङ्ग जिल्लाको सुर्मा गाउपालिकामा पुन अशान्ति सुरु भएको छ । अव अपरान्त यसता घटना दोहोरिन नदिन म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । सरकार प्रति जनताले आशा र अपेक्षा राखेको छ तर आर्थिक वर्ष बेतित हुँदै गर्दा प्रदेशको योजनाहरुका कार्य हुन नसकेको आम जनतामा निराशा छाउने अवस्था आएको छ । यसका लागि प्रदेश सरकारले यथाशिघ्र कार्य गर्ने वातावरण तयार गरोस भन्ने सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । देशमा हत्या हिंसा बलत्कार महंगी दिनहु वृद्धि भइराकेको छ र सिमा नाकामा चोरी डकैति भइराखेको अवस्था छ । भन्सार कार्यालयहरुबाट राती छली भइराखेको अवस्था छ । यस तर्फ सरकारको ध्यान जाओस र प्रदेश सरकारले जनताप्रति उचित कार्यसंचालन गरोस भन्ने म सरकारलाई सुझाव दिनु चाहान्छु । धन्यवाद ।

**माननीय डिल्ली राज पन्त**

सभामुख महोदय, हामी प्रजातन्त्रबाट लोकतन्त्र त्यहाबाट गणतन्त्रसम्म पुगेका छौं । हामीले ठुलठुला शक्तिहरुलाई हटाएर जनताको शासन कायम गर्ने एउटा नयाँ थालनी गरेका छौं । हामीले ती पुराना पंचायतकालका या अरु अधिनायकवादी सोचलाई हामीले परित्याग गरेका छौं र जनताले चुनेको सरकार बनाउने एउटा परम्पराको उत्दान गरेका छौं । त्यही कारणले हामी जनता जनार्दन भन्ने गर्दछौं । वाहालाई सम्मान दिने गर्दछौं । त्यही सम्मानित समुदायबाट निर्वाचित भएका हामी चाहे संघीय सरकार होस प्रदेश होस अथवा संघीय सभा होस हामीपनि जनताबाट अनुमोदित भएर आएका हौं । हामी पनि यहाँ अनुमोदित भएर आएका हुनाले जनताका प्रतिनिधि भएका हुनाले हामीलाई माननीय भन्ने गरिन्छ र

माननीयहरुको यो सदनलाई सम्मानित सदन भन्ने गरिन्छ । यो सम्मानित सदनको एउटा आफ्नो गरिमा छ र एउटा यसको परम्परा पनि छ । यहाँ जति पनि सभासत छौं । यो सभासद सदतात्मक रुपमा यहा न कोही कुनै पाटीको हुन्छ न दलको न व्यक्तिको यो एउटा सदनको हामी एउटा परिवार हौं । हाम्रो परिवारको अभिभावक माननीय सभामुखजीले गर्नुहुन्छ र यस्तो ठाउँमा हामीले बोल्दाखेरी हामीले गर्दाखेरी हाम्रा बचनहरु हाम्रो शब्दहरु हाम्रा कृयाकलपहरु यो सदनलाई सहन प्रजातन्त्रलाई सहने खालका हुनुपर्ने म देख्छु किन भने यहाँबाट हामीले बोलेका कुराहरु यो जनताको आवाजमा मिल्छ र यो आवाज धेरै मिडिया मार्फत संचार माध्यम मार्फत रिकडिङ भइराख्या मार्फत यो जनतामा जान्छ र यले एउटा Message दिन्छ । कोले के बोल्यो कोले कसरी बोल्यो भन्ने कुराहरु Message जान्छ र त्यसैले यो सम्मानित सदनलाई सम्मान गर्नका लागि यो सम्मानित सदनको गरिमा स्थापित गर्नका लागि यहाँ भाषा सुधार, वक्तव्य सुधारको धेरै आवश्यकता छ । अन्यथा यो गरिमामय सदनमा भएका कुराहरु गलत कृयाकलापहरु गलत गलत भाषणहरुले यो सदनको गरिमा जब यी कुराहरु बाहिर जान्छन् यो गरिमामय सदनको गरिमा तल त झर्छ नै सँगसँगै यसको अभिभाकत्व ग्रमण गर्ने सभामुखज्यूको पनि अभिभावकत्वको गरिमा पनि घट्ने भएकाले यस्ता कुराहरुमा सभामुख मार्फत आइन्दाका दिनमा यो सदनको गरिमा कायम राख्नका लागि उचित निर्देशन होस भन्ने चाहान्छु । धन्यवाद ।

**माननीय दिव्यश्वरी शाह,**

माननीय सभामुखज्यू, हामी जनताले प्रत्यक्ष जिताएर समानुपातित रुपमा मतदान गरी हामीलाई प्रदेश सभा सदस्यमा पठाएको छ । हाम्रो प्रमुख दायित्व जनताका लागि काम गर्ने हो र प्रतिवद्धता गरी आश र भरोसा देखाएर आज हामी प्रदेश सभा सदस्य छौं र पहिलो पल्ट अभ्यास थालेको प्रदेश सांसद व्यवस्था गर्ने हो सभामुखज्यू । म ध्यानाकर्षण गर्न चाहान्छु । आज हामी तदर्थवादमा चल्यौं । अब त हामी कार्यसंचालनमा जानुपर्ने हो । सरकारले राजधानी तोक्दा हामीले सोचेका थियौं । यो संसदले अथवा यो सरकारले योजनाहरु बाहिर ल्याउछ कि भन्ने आश भरोसा थियो महोदय काम त भइराखेका रहेछन् । खोला एक योजनाकार कंचनपुर भिमदत्त नगरपालिकामा पर्ने खोन्या खोलामा तटबन्ध निर्माण प्रदेश सरकारले ३ करोड पचास लाख छट्याएको रहेछ । चालू आर्थिक वर्षको रातो किताबमा उक्त खोला तटबन्ध निर्माणमा ४ योजना परेको रहेछन् । खानियामा २ करोड भएको भासी हलियामा ७५ लाख खेततटबन्डमा ४० लाख खनियाखोलामा ३५ लाख पास भएछ । तर त्याहाँ परेको योजना देखिएको छैन । भ्रष्टाचार खोज्न अन्त जानुपर्ने रहेनछ । हामी भित्रै रहेछ भन्ने मैले आभाश गरेको छु । देशमा भ्रष्टाचार, हिंसा हत्या भइरहेको अवस्थामा आज हामी भित्रैबाट यस्ता योजनाहरु आउन थाले भने यो सदनको गरिमा नै हल्लिन्छ कि भन्ने लागेको छ र भित्र अरु कुराहरु कति होलान कति होलान र एउटा सभामुखसमक्ष पेश गर्न चाहान्छु पहिले पनि मैले विन्ति गरेको थिएँ । हामीले सुनेका थियौं प्रदेश सरकारले जुन सुकै कार्यक्रमहरु प्रदेश मार्फत कार्यान्वयन गर्न सक्छ र कानून पनि आफ्नै हुन्छ

भन्ने सुन्या थैं मैले तर आजसम्म बजार व्यवस्थापन जस्तो सानो कुरालाई पनि ध्यान नदिएर आज बजार व्यवस्था कस्तो किसिमको छ भन्ने कुरा बच्चाहरुको आमालाई थाहा हुन्छ । खाना खाँदा मुखमा ढुंगा लागेर बच्चाहरुले आमाको मुख हेरिराखेका हुन्छन आमाले कस्को मुख हेर्ने । खाना खादा स्वाद नभएर बच्चाले आमाहरुले कस्लाई भन्ने अब र यो व्यवस्था गर्न एकदमै जरुरी छ गर्नुपनि हो । कुनै ठाउँमा दाल किन्न गयो १२० रुपैया छ कुनै ठाउमा दाल किन्न गयो १४० रुपैया छ । कुनै ठाउमा चामल ३० रुपैया किलो छ त्यै चामल अर्को ठाउमा ४५ रुपैया छ भने यो वेथिति यो प्रदेशमा छ भने हाम्रो के काम भयो । हामी प्रदेश सरकारमा आवद्ध छौं । हामी माननीय सांसद हौं हामी बाटोघाटोमा हिड्दा पनि के भइराख्या छ तपाइहरु के गर्दै हुनुहुन्छ यो के वेथिती हो किन यस्तो भइराख्या छ भनेर भन्ने आवाजहरु मात्रै आउछन् । हामीले कसलाई भन्ने भन्नुपर्ने यो सदनमा । यो सदनमा अहिलेसम्म सबैले गर्या कुरा म त बोल्या छैन । २ पटक मात्र बोल्या छु र मैले भन्या कुरा कार्यान्वयन पनि भया छैन र माननीयज्यूको आवाजको कार्यान्वन भया मैले देख्या पनि छैन सुन्या पनि छैन । कुनै ठाउँमा फलानो माननीयले बोलेको कुरा यो आयो भन्ने सुन्या पनि छैन र एउटा खाद्यको कुरा छ मैले पहिले नै एकपटक खाद्यान्नको व्यवस्था हुनुपर्छ जनताले उपभोग गर्न पाउछन् । पहिले पनि म खाद्य संस्थानको प्रतिनिधि थिएँ नेपाली कांग्रेसबाट र महिना महिनामा खाद्य संस्थानमा मिटिङ हुन्थ्यो । त्याँ रिगोभरी कति दिने ब्रान कहाँ सप्लाइ गर्ने भन्ने जस्ता कुराहरु यो बाट हामीलाई यति नाफा हुन्छ भन्ने कुराहरु गथ्यौं र मिलहरु ल्याएको थियो २/४ जना र यो अहिले हाम्रो यो बहुमतको सरकार २/३ को सरकारले एउटा कुनै ठाउको प्लान्ट पनि लिन सक्या छैन । धान खरिद पनि गर्न सक्या छैन र जनता किसानहरुले का बेच्ने के भाउमा बेच्ने घर घरका गाउ गाउका फरहरुका अलग अलग भाउहरु छन् । बज्बुर छन् । एउटा भाउ तोक्या खण्डमा राहत हुन्थ्यो होला जनतालाई भन्ने कुरा राख्दै अब ल धन्यवाद ।

**माननीय दुर्गा कुमारी कामी**

माननीय सभामुख महोदय, प्रदेश सरकार गठन भएर आफ्नो कामकारबाही अगाडी बढाएको झण्डै एक वर्ष भन्दा अलि बढि नै भइसकेको छ । यो सरकार प्रति जनताको ठुलो आशा अपेक्षा छ सरकारले गरेका केही रचनात्मक कामहरु तलसम्म जनतासम्म पुर्याउने र जनताले सरकार उपस्थित भएको अनुभूति सुद्ध गर्न नपाइराखेको अवस्था । हामीले लामो संघर्ष पछि जनताको निकै ठुलै त्याग तपस्या र बलिदान पश्चात आज हामी यो अवस्थामा आएका छौं । देश संघीयतामा गइसकेको छ । सिंहदरवारको अधिकार गाउ गाउमा पुर्याउने सरकारको लक्ष्य हो । तर विडम्बना भन्नुपर्छ अझै पनि पछाडी पारिएको वर्ग समुदाय क्षेत्र कहिले राज्यको मुलधारमा आउने कहिले राज्य यो क्षेत्रप्रति यो वर्ग यो समुदाय यहाँका महिला यहाँका दलित यहाँका सिमान्तकृत वर्ग जुन राज्यको प्रमुख निकायमा पुग्न सकेका छैनन् । सरकारले संचालन गरेका विकासका गतिविधिमा वाहाहरुको सहभागिता र संलग्नता छैन । यसतो

पछाडी पारिएको वर्ग र समुदायलाई सरकारको मुलधारमा ल्याउने राज्यको मुलधारमा ल्याउने नीतिका साथ सरकार अगाडी बढीराखेको अवस्थामा यो कार्यान्वयन पक्ष किन यति फितलो यस तर्फ सरकारको ध्यान जाओस भन्न चाहान्छु । हामीले लामो संभर्ष पछि महिलाहरुलाई राजनीतिमा महिलाको अधिकार सुनिष्चित हुनुपर्छ, दलितको अधिकार सुनिश्चित गर्नुपर्छ, पछाडी पारिएका वर्ग समुदायका अधिकारहरुलाई सुनिश्चित गर्नुपर्छ भन्ने हाम्रो यो मुल नाराका साथ अगाडी बढ्यौं । हामीले ती नाराहरु लिएर चुनावी अभियानमा गयौं । अहिले विकासको दृष्टिकोषमा पनि ति समुदाय पछाडी छ । जुन क्षेत्र पछाडी छ तिनै समुदायलाई पछाडी पार्ने गतिविधिहरु भएका छन् । महिला दलित र जुन सिमान्तकृत वर्ग छ ति वर्गलाई अझै हामीले निरंकुशतन्त्रको अन्त्य गरिसकेपछि पनि तपाई हाम्रा व्यक्तिगत कतिपयका व्यवहारले गर्दा खेरी गतिविधिले गर्दा खेरी फेरी त्यै क्षेत्र र त्यै समुदाय माथि शासन गर्ने प्रवृतिको हाबी भैराखेको छ । अझै पनि मारमा परिराखेका छन् जनता । यसप्रति सरकार सचेत भएर आफ्ना गर्ने गतिविधिहरु सही ढंगबाट अगाडी चलाउनको लागि अनुरोध गर्न चाहान्छु । म निर्वाचन क्षेत्रमा झन्डै १ महिना जति सबै आफ्नो निर्वाचन क्षेत्र र पालिकामा घुमेको थिएँ । यस्तो गनासो छ जनताको हामीले योनाहरु आइसके भन्दा पछि पनि सरकारलाइ ध्यानाकर्षण गराएका थियौं । यी योजनाहरु अत्यन्त महत्वपूर्ण योजनाहरु सरकारले ल्याएको छ । ति योजनाहरुले कार्यान्वयनमा जानुपर्छ । साँच्चिकै जनताले अनुभूति हुने गरेर विकास तिव्र गतिमा अगाडी बढ्नुपर्छ । जनताको सहभागितामा हुनुपर्छ भन्ने कुराहरु हामीले सरकारलाइ सुझावको रुपमा पनि दिने गरेका छौं । हिजोका दिनमा आएका जुन रातो किताबमा आएका योजनाहरु छन् कुनै योजनाको नाम सही छ तर ठेगाना गलत छ कुनै योजनाको ठेगाना सही छ तर नाम छैन । अहिले कार्यान्वयनमा जाँदाखेरी ति योजना गाउमा भेटिदैनन् । त्याहाँ विवादहरु आएको छ र अर्को विडम्बनाको कुरा सुन्न नसकिने कुरा के आको छ भने हामीले योजना ल्याएका हौं । तपाइहरुका माननीय हरुले योजना ल्याएका होइनन् । यो हामीले ल्याएका योजना कमिसन दिएर पैसा दिएर योजना ल्याएका हौ भनेर कु प्रचारहरु तल भइराखेको छ । यस्ता कमिसन दिएर योजना ल्याउने कमिशन दिने व्यक्ति र कमिशन लिने व्यक्ति कोही छ भने यो सरकारले छानविन गरेर तुरुन्तै यसलाई चाँडो भन्दा चाँडो कारबाहीको दायरामा अगाडी बढाउनु पर्छ भन्ने अनुरोध र आग्रह गर्न चाहान्छु । यस्ता कुराहरु यस्ता कुप्रचारहरु हामीले सुन्न नपरोस र माननीयको गरिमालाइ पनि खस्किने गरेर अहिले माननीयहरुको नैतिकतामाथि प्रश्न चिन्ह खडा हुने गरेर गरेका गतिविधिहरु कोही सरकारका कर्मचारी हुन कोही सरकारमा भएका व्यक्ति हुन् जो सुकै व्यक्ति होस त्यसता व्यक्तिलाई छानविन गरेर तुरुन्तै कारबाही होस भन्ने कुराहरु सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । संचार माध्यममा मैले बिहान मात्रै एउटा तातो बहस सुनेको थिएँ त्याहाँ पनि एक जना माननीय म अछामकै कुरा गर्छु वाहाले पनि यो कमिसन खाएर आका छन् ल्याएका छन् माननीयहरुले खै यो सरकारले के गर्ने हो के गर्छ योजनाहरु कार्यान्वयनमा जान्छ कि जादैनन् भन्ने कुराहरु एउटा संचार मिडियामा नै त्याहाँको माननीयले बोल्नु भाको छ अत्यन्तै दुख लागेको छ । यो अत्यन्तै दुख लागेको छ । त्यसता कुराहरु प्रति सरकार गम्भिर हुनुपर्छ । यो कुरामा मैले राख्न चाहे । पटक पटक यो गरिमामय

सदनमा हामीले कुरा उठाउने गरेका छौं । बाढी पहिरो असिना आगलागीले गर्दा खेरी कतिपय जनताका घरबार बिहिन भएका छन् । बालबच्चा अलपत्र परेका छन् । अहिलेसम्म सरकारले साँच्चिकै त्यो अनुभुति हुने त कुरै छोड्दिनुस सम्बोधन सम्म हुन सकेको अवस्था छैन । त्यसका लागि चाँडो भन्दा चाँडो सरकारको ध्यान जाओस र मिडियामा आउने गलत प्रचारका कुराहरुमा यसता साँच्चिकै तथ्य विहिन कुराहरु यदि मिडीयामा आएका हुन् भने त्यसता कुराहरु पनि बन्द गरियोन् र सकारात्मक कुरा सरकारलाई सही सुझाव र सल्लाह दिने खालका कुरा उठेका छन् भने त्यो प्रति सरकारले सुनुवाइ गरेर आफ्ना गतिविधिहरुलाइ अगाडी बढाउनुपर्छ भन्ने राख्न चाहान्छु धन्यवाद ।

**माननीय देवकी मल्ल थापा**

माननीय सभामुख महोदय, यो प्रदेश भित्रको अँझै दुर्गम ठाउ भनेको बझाङ जिल्ला हो र बझाङ जिल्लामा पटक पटक घटना दुर्घटना बाढी पहिरो र विभिन्न विपद हुँदै आयो । अहिले पनि बझाङ जिल्लाको केदारसिंह गाउपालिका वडा नं. ४ मा पहिरोबाट पुरिएर १ जना महिला मना देवी भट्टको मृत्यु भएको छ भने ४ जना मान्छे बालकहरु गम्भिर घाइते भएका छन् । यसैगरी सुर्मा गाउँपालिकामा पनि १ जना युवकको ज्यान जान पुगेको छ । प्रदेश भरी नै घटना दुर्घटना बाढी पहिरोको बारेमा पटक पटक कुरा उठाउदै आयौं तर खासै यसको समाधान तिर हामी जान सकिराखेका छैनौं । हामीले यही सभामा आकास्मिक कोष व्यवस्था गर्न भनेर विधेयक ल्यायौं । ऐन बनायौं त्यो ऐन कार्यान्वयनमा जान सकिराखेको छैन । त्यसैले म सरकारलाई प्रश्न गर्न चाहान्छु । त्यो ऐन किन र कसरी कार्यान्वयनमा जान सकिराखेको छैन । यो छिटो जाओस भन्ने मेरो आग्रह छ । दोश्रो विषय हामी बजेट कार्यान्वयनको अवस्थामा छौं । कार्यान्वयनको गम्भिर अवस्थामा छौं । तर धेरै ठाउँमा धेरै विषयको अख्तियारी जान सकिराखेको छैन । अख्तियारी गैराखेको कार्यालयमा पनि केही केही ठाउमा अख्तियारीवालाको व्यवस्था हुन सकिराखेको छैन । केही विषयहरु संयन्त्र मै तयार भैराखेको छैन । यो विषयमा पनि म सरकारलाइ प्रश्न गर्न चाहान्छु । यो कन्डिसनको डेलिभरी गराउन सरकारले के सोचिराखेको छ । यो विषयमा गहन छलफल गर्न जरुरी छ जस्तो मलाइ लाग्छ र यो संगसँग सामाजिक मन्त्रालय अन्तरगत प्राविधिक धारको विद्यालयको छात्रावास भनेर हामीले १ करोड बजेट छुटयायौं । तर १ करोड बजेट कार्यान्वयनमा कसरी जाने । बझाङ जिल्लामा समस्या आएको छ । उपभोक्ता मार्फत लैजादा १ करोड पैसा छ । ठेक्का मार्फत लैजादा सहितको विचमा पुगिसक्यौं । ठेक्का प्रकृया धेरै लामो हुन्छ । त्यस्तै अरु भवनहरु पनि छन् । ५० लाखका भवनहरु छन् । ३६ लाखका माविका भवनहरु छन् । टाइम छोटो छ यदि हामीले काम गर्न सकेनौं । प्रकृयामा जाँदा जाँदै टाइम हामीलाइ पुगेन भने यसको विकल्पमा सरकारले के सोचिराखेको छ मन्त्रालयले के सोचिराखेको छ । पर्यटन अन्तरगतका योजनाहरुको अझसम्म संयन्त्र हुन सकिराखेको छैन । यो विषयमा कसरी योजना कार्यान्वयनमा लैजाने । मन्त्रालयले के सोचिराखेको छ । द्धारिका देवी ठकुरानी कार्यक्रम

महिला माननीयहरुको स्वामित्वमा वा मतलव रेखदेखमा हामीले एउटा उद्यमशीलता तर्फ लैजान खोजेका थियौं । यसमा मन दुखेको छ । यसमा छलफल हुन सकेन । मन्त्रालयले यो प्रदेश भरीका माननीय महिला साथीहरुलाइ बोलाएर अन्तरकृया छलफल गरेर दिन पाएको भए तेल्ले एउटा नयाँ काम हुन्थ्यो जस्तो लाग्छ मलाइ । त्यसैगरी प्रश्न भनेपनि आग्रह भनेपनि अवस्था एकदम गम्भिर बनेको छ । टाइम निकै छोटो छ त्यसैले सरकारले गम्भिर भएर यो बजेट कार्यान्वयनको विषयलाई कसरी नयाँ तरिकाले छिटो तरिकाले लैजान सकिन्छ त्यसको बारेमा सरकार गम्भिर होस भन्दै बझाङ जिल्लामा भएका पटक पटक घटना दुर्घटना र विपद् बारेमा सरकारले आकास्मिक कोषबाट जनताको मन छुने गरी छिटो व्यवस्था गरोस भन्ने कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

***(बोली सकेपछि)***

**४. माननीय सदस्यहरु,**

आजको शुन्य समय यही समाप्त हुन्छ ।

**५. माननीय सदस्यहरु,**

अब दफावार छलफलको लागि **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई पुनः सम्बन्धित समितिमा पठाईयोस भन्ने प्रस्ताव माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**६. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको लागि पुनः सम्बन्धित समितिमा पठाईयोस भनी प्रदेश सरकारको तर्फबाट प्रस्ताव दर्ता हुन आएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

**७. माननीय सदस्यहरू,**

अब म **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको लागि पुनः सम्बन्धित समितिमा पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई अनुमति दिन्छु ।

**माननीय झपट बहादुर बोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ सम्बन्धित समितिमा छलफल भई संशोधनको प्रतिवेदन पनि हाउसमा प्रस्तुत भएको छ । समितिले प्रदेश सरकारसँग गहन रुपमा संशोधनका दफामा छलफल गर्नुपर्नेमा यो छलफल घनिभुत रुपमा हुन आवश्यक रहेकोले यो संशोधनको प्रतिवेदनमा पुनः छलफल गर्न सरकारसँग आवश्यकता रहेको छ । त्यसैले यो विधेयक सन्दर्भमा दफावार छलफलको लागि पुनः समितिमा पठाइ प्रदेश

सरकारसँग छलफल गरियोस भन्ने म प्रस्ताव माननीय सभामुख मार्फत यस प्रदेश सभामा प्रस्तुत गर्न चाहान्छु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**८. माननीय सदस्यहरू,**

अब म, उक्त प्रस्तावका समर्थक माननीय अक्कल बहादुर रावललाई प्रस्तावको समर्थन गर्न समय दिन्छु ।

**माननीय अक्कल बहादुर रावल**

सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर बोहराज्यूको प्रस्तुत अन्तरगत जुन प्रस्ताव यो सदनमा टेबुल भएको छ यसमा सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि दफावार छलफल भई विधायन तथा प्रदेश मामिला समितिमा पेश हुन आएको प्रतिवेदनमा संशोधन वा थप हुनुपर्ने विधेयकको नयाँ व्यवस्थाहरु मध्येका केही व्यवस्थाहरुलाई प्रतिवेदनमा उल्लेख भएअनुसार नै सभाबाट पारित हुँदा ऐन कार्यान्वयन पक्षमा समेत कठिनाई हुन जाने देखिएकाले उक्त विधेयक माथि थप दफावार छलफलको कार्य अगाडी बढाउन प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ को देहाय खण्ड (ख) बमोजिम पुनः विधेयकलाई विधायन तथा प्रदेश मामिला समितिमा फिर्ता पठाइयोस भन्ने जुन प्रस्ताव यहाँ पेश भएको छ यस सन्दर्भमा केही थप अँझै यसलाई व्यवस्थित गर्नका निम्ति र यसलाई परिस्कृत गरेर यो ऐनलाई एउटा पूर्णता दिनको निम्ति आएको यस प्रस्तावको म समर्थन गर्न चाहान्छु धन्यवाद ।

*(समर्थन गरेपछि)*

**९. माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा द्वारा प्रस्तुत **“सुदूरपशिचम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथि दफावार छलफलको लागि पुनः सम्बन्धित समितिमा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(“हुन्छ” भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(“हुन्न” भनेपछि)**

१०. “हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“सुदूरपशिचम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा**

**व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको लागि पुनः विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

**११. माननीय सदस्यहरू,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल चैत्र १४ गते विहीबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।